CHIMALAYA CHARITY NEPAL
IMPROVING MATERNAL AND CHILD HEALTH








# चिमालय च्यारिटी नेपाल

## मातृ तथा शिशु स्वास्थ्य सुधार कार्यक्रम

# वार्षिक प्रगती प्रतिवेदन

१७ जुलाई, २०२१ देखि १६ जुलाई, २०२२

आर्थिक सहयोगः

CHIMALAYA CHARITY
IMPROVING MATERNAL AND CHILD HEALTH

CHIMALAYA CHARITY NEPAL

IMPROVING MATERNAL AND CHILD HEALTH

# मातृ तथा शिशु स्वास्थ्य सुधार कार्यक्रम

# वार्षिक प्रगती प्रतिवेदन

## १७ जुलाई, २०२१ देखि १६ जुलाई, २०२२

आर्थिक सहयोगः

CHIMALAYA CHARITY
IMPROVING MATERNAL AND CHILD HEALTH

# विषयसूची


| विषयसूची | पेज नं. |
| --- | --- |
| संस्थाको संक्षिप्त जानकारी | ३ |
| संस्था परिचय | ४ |
| परियोजनाको पृष्ठभूमि | ४ |
| परियोजनाको औचित्य | ५ |
| परियोजनाको उद्देश्यहरू | ७ |
| परियोजनाबाट अपेक्षित उपलब्धीहरू | ७ |
| कार्यक्रम सम्पन्नका गतिविधिहरू | ८ |
| अनुमानित लक्ष्य र उपलब्धी | ८ |
| आमा समूह भेला | ९ |
| परियोजनाका परामर्शकर्ताद्वारा घरपरिवार भ्रमण | ९ |
| घुम्ती स्वास्थ्य सेवा | १० |
| कोभिड रेस्पन्स खाद्य सामाग्र वितरण | १३ |
| महिला स्वास्थ्य स्वयम् सेविकासँग बैठक | १३ |
| परियोजनाले भेल्नुपरेका समस्याहरू | १४ |
| परियोजना तथा कार्यक्रमका राम्रो पक्षहरू | १५ |
| सुधारका क्षेत्रहरू | १६ |
| परियोजनाले पारेको प्रभाव | १६ |
| विपन्न परिवारहरूलाई खाद्यान्न तथा शैक्षिक सहयोगका फोटोहरू | १८ |
| कार्यक्रमसँग सम्बन्धी केही फोटोहरू | १९ |
| लेखा परीक्षकको प्रतिवेदन | २१ |

# चिमालय च्यारिटी नेपाल

## संस्थाको संक्षिप्त जानकारी

| | | |
|---|---|---|
| ; :YFSF GFD | M | LRDFNO RofL/6L GKFN |
| ; :YFSF KSF/ | M | u/;/SF/L ; :YF |
| 7UFGF | M | J8F G= *, DWOK/ LYDL GU/KFLNSF, EQMK/ |
| ;DKS JoLQM | M | CFZF V8SF |
| ;DKS G= | M | 01-6631122 , 9851048254, 9862579490 |
| 0–DN | M | chimalayacharitynepal@gmail.com |
| | M | ashuuforever@gmail.com |
| ; :YF BTF :YFG | M | LHNNF KZF;G SFOFNO, EQMK/ |
| BTF G= | M | 87 |
| BTF LDLT | M | 2073/02/16 |
| ;DFH SNOF0F KL/IFB CJ4TF G= | M | 44059 |
| CJ4TF LDLT | M | 2073/05/08 |
| KFG G= | M | 605451630 |

# १. संस्था परिचय

चिमालय च्यारिटी नेपाल (Chimalayan Charity Nepal) विगत केहि वर्षदेखि महिला एवम् बालबालिका (शिशु)को स्वास्थ्य सुधार क्षेत्रमा सकृय एक गैरसरकारी संस्था हो । मध्यपुर थिमी नगरपालिकाको वडा नं. ८ मा कार्यालय रहेको यस संस्थाले स्थापना कालदेखि नै मध्यपुरलाई आफ्नो कार्यक्षेत्र बनाएको छ । चिमालय च्यारिटी नेपाल कुनै पनि जातजाती, भाषाभाषी एवं धर्मको आधारमा भेदभाव नराखी आफ्ना लक्षित समुदायसम्म आवश्यकता अनुसार सहयोग गर्ने उद्देश्यले स्थापना गरिएको हो । चिमालय च्यारिटी नेपाल मुनाफारहित विशुद्ध सामाजिक संस्था हो । समाजमा महिला तथा बालबालिकाहरूको स्वास्थ्य सम्बन्धी जनसेचतनामूलक शिक्षा, सरसफाई, स्वास्थ्य तथा सन्तुलित आहारविहार, आधारभूत स्वास्थ्य, मातृशिशु स्याहार, स्तनपान तथा स्वास्थ्य व्यवहार प्रबर्धन सम्बन्धी जागरूकता अभिवृद्धि गराउने संस्थाको मूख्य उद्देश्य रहेको छ ।

# २. परियोजनाको पृष्ठभूमि

नेपालको सबैभन्दा सानो एवम् गाउँपालिका रहित जिल्ला भक्तपुर आफैमा बिशिष्ट छ । विगतमा भक्तपुर जिल्लाका विभिन्न शहर तथा बस्तीहरू स्थानीय नेवार समुदायको बाहुल्य क्षेत्र हो । बढ्दो बसाईसराईको कारण काठमाण्डौ उपत्यका बाहिरबाट आएका विभिन्न जातजातीहरूको संमिश्रण भएको छ । राज्यले नागरिकको लागि प्रदान गर्दै आएको आधारभूत स्वास्थ्य सेवा पनि लिन नगइरहेको र बालबालिकाको स्वास्थ्यको बारेमा समेत सचेत नभएको अवस्था हालसम्म पनि विद्यमान छ । राजधानी शहर भित्र नै यस्तो समस्या हुनुलाई एउटा ठूलो चुनौतीको रूपमा लिनुपर्ने देखिन्छ । त्यसकारण यस संस्थाले समूदायमा स्वास्थ्यलाई हेर्ने दृष्टिकोणमा नै परिवर्तन गर्न नमूनाको रूपमा २ वर्षभन्दा कम उमेरका शिशु भएका मातृ तथा शिशुको स्वास्थ्यमा सुधार ल्याउन यो कार्यक्रम विगत ४ वर्षदेखि सञ्चलन गरिएको छ ।

यस कार्यक्रम अर्न्तगत स्वास्थ्य सम्बन्धी जानकारीमूलक शिक्षा र छलफलको साथै आमा र बच्चाको खानपिन, उचित पोषण र स्तनपान सम्बन्धी जानकारी गराइएको छ । यस संस्थाले परामर्श केन्द्रको स्थापना गरी नियमित परामर्श सेवा प्रदान गर्दै आएकोछ । यसका अतिरिक्त परामर्श सेवालाई विस्तार गर्दै संस्थाका स्वास्थ्यकर्मी एवं सामाजिक परिचालकहरू समूदायमा रहेका २ वर्ष भन्दा कम उमेरका शिशु भएको परिवारमा भ्रमणगरी आवश्यक परामर्श र आवश्यकता अनुसार स्वास्थ्य सामाग्री प्रदान गर्ने एवं समुदायमा गई सामुहिक स्वास्थ्य परामर्श तथा स्वास्थ्य सेवा प्रदानगर्दै आएका छन् ।

स.रा.सं. (युनिसेफ)को प्रतिवेदन अनुसार नेपाल प्रतिवर्ष हुने बालमृत्युमा ६०% मृत्युमा कुपोषणको भूमिका रहेको हुन्छ । यसको अलवा बाँचेका बालबालिकाहरूमा पनि पोषणको कमीले दीर्घकालीन असर भएको पाइएको छ । तिनीहरूको स्वास्थ्य र बृद्धिविकासमा प्रत्यक्ष प्रभाव पारेको छ । त्यस्तै नेपालमा सन् २०१६ सालमा गरेको स्वास्थ्य तथा जनसंख्याको सर्भे प्रतिवेदन अनुसार ५ वर्ष मुनिका ३६ प्रतिशत शिशुहरू पुड्को हुने, १० प्रतिशत शरीरको

उचाई अनुसार तौल नपुगेको र २९% कम तौलको हुने गरेको पाइएको छ । यसको प्रत्यक्ष प्रभावको रूपमा सानोभन्दा सानो संक्रमण विरुद्ध लड्ने क्षमता पनि नहुने, सिक्ने क्षमता लगायत अनेक समस्याहरू आउने गरेको छ । कुपोषित बालबालिकाहरू स्कूलमा कम सफलता पाउने र प्रजनन् अवस्था पनि कम उत्पादनशिल र धेरै रोगहरूको शिकार हुने गर्दछन् । यसको असर पुस्तौंपुस्तासम्म विद्यमान रहिरहने हुन्छ ।

अझै पनि नेपालमा झण्डै ६३% सुत्केरी घरमा र बाँकी विभिन्न स्तरका स्वास्थ्य केन्द्रहरूमा गराइन्छ । यसरी आवश्यक मात्रामा स्वास्थ्य सेवाको पहुँच गर्भवती महिलासम्म नपुग्दा, तिनीहरू बढीमात्रामा गर्भावस्था र बच्चा जन्मिने समयमा विभिन्न समस्या तथा मृत्युको शिकार हुने सम्भावना रहेको छ । मातृ मृत्युदरमा उल्लेख्य कमी आएता पनि हालसालै प्रकाशित प्रतिवेदन अनुसार अझै २३९ आमाहरू प्रति एक लाख बच्चा जन्मेकोमा भै रहेको छ । विश्व स्वास्थ्य संघद्धारा निर्धारित, राम्रो व्यवहार अनुसार सुत्केरीको लगतै र त्यस पछिको केही प्रारम्भ सुत्केरी सेवा प्रदान गर्नुपर्दछ । तर नेपालको सन्दर्भमा झण्डै आधाभन्दा बढी (५४%) महिलाहरू निर्धारित समयसीमासम्म परीक्षण सेवा नपाउने अवस्था विद्यामान रहेको कारण आमा र बच्चा मृत्युको जोखिममा रहेका छन् ।

## ३. परियोजनाको औचित्य

एशियाका अन्य राष्ट्रहरूको दाँजोमा नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा छुट्याएको बजेट न्यून छ तर पनि स्वास्थ्य सेवा र स्वास्थ्य क्षेत्रमा हालको वर्षहरूमा हासिल गरेको प्रगति भने उपलब्धिमूलक मान्न सकिन्छ । विगत तीन वर्षदेखि विश्व कोभिड १९ को महामारीको चपेटामा परिरहेको अवस्थामा पनि नेपाल कोराना नियन्त्रण तथा रोकथाम गर्न शक्तिसम्पन्न देशको तुलनामा सफल भएको देखिन्छ ।  यद्यपि सबै क्षेत्र तथा वर्गमा स्वास्थ्य सेवा समानरूपमा पुग्न भने नसकेको अवस्था यथावत नै छ । साथै अझै पनि ठूलो संख्यामा नेपाली महिलाहरू गर्भवती हुनुपूर्व, गर्भावस्था एवं प्रसुती अवधिमा स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको अवस्था छ । आमा र शिशुलाई गर्भावस्था र प्रसुती अवस्थामा हुन सक्ने अकाल मृत्युलाई घटाउन पूर्वप्रसुती सेवा एक महत्वपूर्ण कदम हो । नेपालमा १५% महिलाले अझै पनि पूर्वप्रसुती सेवा पाउन सकेका छैनन् । यसरी व्यक्तिको सामाजिक अवस्था, निजको सम्पत्ति र पूर्वप्रसुती सेवामा सोझो सम्बन्ध हुने भएकोकारण गरिब जनताले पाउने सेवा पनि न्यून रहेको छ ।

हरेक शिशुको गर्भावस्थादेखि दोस्रो वर्षको जन्मदिनको समयावधिलाई सुनौला हजार दिनको रूपमा मानिदै आएको छ । किनकी यही अवधि बच्चाको मानसिक विकास र स्वस्थ्य शरीरको विकासको निर्धारण हुने गर्दछ । हरेक बालबालिकाहरूको बृद्धिविकासको लागि आवश्यक पौष्टिक आहारबाट नै राम्रो शरीर बन्ने तथा अभिवृद्धि हुने, मानसिक विकास एवं रोग प्रतिरोधात्मक क्षमताको विकास हुने गर्दछ । त्यसकारण एक व्यक्तिको जीवनमा आमाको गर्भदेखि दोस्रो जन्मदिनको समयावधिसम्म पौष्टिक आहारको विशेष महत्व हुने गर्दछ । प्रत्येक बालबालिकाहरूमा समयमा आवश्यक सेवा प्राप्त गर्नपाउने अधिकार निहित हुन्छ । यसरी स्वास्थ्य सुरक्षा प्रयोजनको लागि आवश्यक व्यवस्था र अवश्यक सुविधाको समेत व्यवस्था हुनुपर्छ । संयुक्त राष्ट्रसंघ दिगोविकास लक्ष्य २०१५ ले नवजात शिशु

मुत्युलाई सन् २०३० को अन्तसम्ममा १० भन्दा कममा झार्ने लक्ष्य लिइएको छ ।

यस पृष्ठभूमिमा देशको वर्तमान स्वास्थ्य अवस्था र अझ भक्तपुर जिल्लामा विद्यमान चुनौतीहरूलाई आत्मसाथ गर्दै यो परियोजना मातृ तथा नवजात शिशु स्वास्थ्य सेवालाई घरदैलोसम्म पुऱ्याउने दिशामा सरकारसँग परिपुरक भएर कार्य गर्नेछ । चिमालय च्यारिटी नेपालको तर्फबाट समुदाय स्तरमा स्तनपानको सहायता र प्रबर्धनको साथसाथै दुई बर्ष मुनिका बच्चाहरूको शारीरिक र मानसिक स्वास्थ्यको लागि आमा समूहमार्फत आवश्यक परामर्शको पनि व्यवस्था गरेको छ । यसको साथ साथै स्कूल र पहुँच नपुगेको तथा बिपन्न परिवारलाई मध्यनजर गरी नियमित स्वास्थ्य क्याम्प पनि गर्दै आएको छ ।

नेपाल सरकारको महत्वपूर्ण कार्यक्रम अन्तर्गत गर्भवती आमाको नियमित जांच जसमा  स्तनपानको  पूर्वतयारी बारे आवश्यक परामर्श र सुत्केरी पछि एक हप्ता भित्र आमा र शिशुको स्वास्थ्य कार्यकर्ताबाट जाँच पनि पदर्छ तर विभिन्न कारणले गर्दा यसको कार्यन्वयन धेरै जस्तो ठाउँहरूमा भएको पाईदैन । "सफल स्तनपान हामी सबैको समान सबैले सहयोग गरौ सुत्केरी आमालाई" भन्ने मूल नाराका साथ हामीले यी दुई वटा अति महत्वपूर्ण कार्यक्रमहरूलाई स्थानीय स्वास्थ्यकर्मी साथै नगरपालिकासँग समन्वय गरी लक्षित समुदायमा कार्यन्वयन गरी सेवा दिई रहेकाछौं । यसको लागि स्थानीय गर्भवती महिलालाई नियमित रूपमा बोलाई स्तनपानको पूर्व तयारीको परामर्श र छलफल गर्छौ । यसबाट शुरूवाती समयमा हुन सक्ने स्तनपान सम्बन्धी समस्याहरूबारे छलफल तथा आवश्यक परामर्श पनि दिइन्छ र गर्भवती आमा मानसिक रूपबाट पनि ६ महिनासम्म आमाको मात्र दुध ख्वाउन प्रतिबद्व हुन मद्दत गर्छ ।

नेपालको हालको सर्वेक्षणले ६ महिनासम्म आमाको दुध मात्र खुवाउने संख्या एक हजारमा जम्मा ६६५ भएता पनि यसलाई सुक्ष्म तवरले अध्ययन गर्ने हो भने हाम्रो समुदायमा १०५ भन्दा कम नै छ । यसरी कम हुनुको कारणहरू धेरै भएता पनि स्वास्थ्य संस्थाहरूबाट नै स्तनपानको आवश्यक परामर्श नहुनु र स्तनपान सम्बन्धी समस्या भए सहायता गर्ने दक्ष जनशक्तिको अभाव हुनु पनि हो । हाम्रो स्वास्थ्य टोली सुत्केरीको बारे खबर पाउने बितिक्कै घरमा नै गएर आमा र शिशुलाई भेट्न जान्छ र समस्याको समयमा नै पहिचान गरी आवश्यक परामर्श र सहयोग गर्छ । आमाको यो विशेष अवस्थामा स्वास्थ्य सेवालाई घरमा नै प्रदान गर्नु र सुत्केरी पछि आवश्यक केहि सामाग्री सहितको ब्याग पनि उपलब्ध गरेकोले ६ महिनासम्म आमाको नै स्तनपान गर्न टेवा पुग्छ । साथै चिमालयका बालरोग विशेसज्ञहरूसंग सरसल्लाहमा सुत्केरी पछिको बेला हुन सक्ने स-साना समस्याहरूको स्थानीय स्तरमा नै निराकरण गर्न सहयोग गर्छौ ।

# ४. परियोजनाको उद्देश्यहरू

यस परियोजनाको मूख्य उद्देश्य स्तानपान सम्बन्धी विशेष महत्व दिएर आमा र बच्चाको स्वास्थ्य सुधारको लागि परामर्श तथा स्वास्थ्य उपचार र स्वास्थ्य स्याहार विधि सिकाई स्वास्थ्य व्यवहारमा परिवर्तन ल्याउने रहेको छ ।

### परियोजनाका विशिष्ट उद्देश्यहरू

१. आमा र बच्चाको स्वास्थ्यमा सुधार ल्याउने ।

२. महिलाहरूलाई आफू र शिशुको स्वस्थ्य हेरचाह र सुरक्षाको लागि स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरू जस्तै समूह वीच छलफल, स्वास्थ्य परामर्श उचित पोषिलो खानपिनको सल्लाह तथा उपचार विधि र अत्यावश्यक स्वास्थ्य सामाग्री उपलब्ध गराई स्वास्थ्य व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने ।

३. संस्थाका स्वास्थ्यकर्मीद्वारा नवजात शिशु भएका घरपरिवारको भ्रमण गरी नवजात शिशु तथा आमाको साधारण अवस्थाको जाँच तथा आमा तथा बच्चालाई ६ महिनासम्म आमाको दुध मात्र खुवाउने र ६ महिना पछि आमाको दुधको साथैसाथै पोषिलो पुरक खाना खुवाउने लागि प्रोत्साहित गर्ने ।

४. समुदाय, गलैंचा कारखाना, इट्टा भट्टा वा विद्यालयमा स्वास्थ्य शिविर आयोजना गरी स्वास्थ्य सम्बन्धी जानकारी, साधारण जाँच, आवश्यकता अनुसार व्यक्तिगत सरसफाईका सामाग्रीहरू जस्तै स्वास्थ्य सामाग्रीहरू, शैक्षिक सामाग्री, पोषणयुक्त खानाका सामाग्रीहरू आवश्यकता अनुसार वितरण गर्ने ।

५. रोटरी क्लबसँग समन्वय गरेर मध्यपुर नगरपालिका भित्रका स्वस्थ कार्यकर्तालाई स्तनपान र बाल स्वास्थ्य बारेमा तालिम प्रदान गर्ने ।

# ५. परियोजनाबाट अपेक्षित उपलब्धीहरू

क) यस कार्यक्रम मार्फत सुत्केरी, गर्भवती तथा दुई वर्षभन्दा साना बालबालिका भएका ४०० जना भन्दा बढी आमाहरूले स्वास्थ्य परामर्श सेवा प्राप्त गर्ने छन् ।

ख) २५० जना भन्दाबढी नवजात शिशु तथा बालबालिका भएका आमाहरूले स्वास्थ्य परामर्श सेवा प्राप्त गर्ने छन् ।

ग) २०० जनाले नियोनेट बेबी ब्यागसेट पाउने छन् र यो सेटले शिशुको स्वास्थ्य सुधारमा महत्वपूर्ण भूमिका खेल्ने छ ।

घ) विभिन्न गतिविधि मार्फत २५०० सय भन्दा बढी लक्षित समुदायले मातृ तथा शिशु स्याहारको बारेमा जानकारी प्राप्त गरी उनीहरूको व्यवहार सुधारउन्मुख हुनेछ ।

ङ) अति आवश्यकपरेका गर्भवती तथा सुत्केरी महिलाहरूलाई आवश्यकता अनुसार केहि महिनालाई भएपनि पुग्ने पोषिलो खानेकुराको बन्दोबस्ता गरिनेछ ।

च) स्तनपान सम्बन्धी गर्भवती तथा सुत्केरी महिलाहरू र स्थानीय स्वास्थ्यकर्मीहरूसँग नियमित छलफल गर्ने ।

# ६. कार्यक्रम सम्पन्नका गतिविधिहरू

## ६.१ अनुमानित लक्ष्य र उपलब्धी

आर्थिक वर्ष २०७८/०७९ मा सम्पन्न गरिने केही लक्ष्य निर्धारण गरिएको थियो । लक्ष्य अनुसारको उपलब्धी निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | क्रियाकलापहरू | लक्षित संख्या | उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १. | आमा समूह भ्रमण तथा परिचालन | १०० समूह | ९५ | |
| २ | जम्मा आमाहरूको सहभागिता संख्या | ४०० | ४८१ | |
| ३. | सुत्केरी परिवार भ्रमण | २०० परिवार | २११ | |
| ४ | जम्मा Bag4life वितरण | २०० | २११ | |
| ५ | गर्भवती महिलालाई परामर्श | १०० जना | १०२ | १० वटा समूहमा |
| ६ | गर्भवती महिलालाई गर्भवती व्याग वितरण | १०० | १०२ | |
| ७. | नवजात शिशु तथा बालबालिकाले स्वास्थ्य परामर्श सेवा | २०० जना | २११ | |
| ८. | स्वस्थ्य खाजा वितरण | १५०० जना | १५०० | गर्भवती महिला, आमा समूह र स्वायम् सेविका । |
| ९ | ब्रेष्टफिडिङ पिलो | ६० वटासम्म | १० | |
| १० | प्राथमिक उपचार किट वितरण | | १५ सेट | |
| ११ | कोरोना रोकथामका सामाग्री मास्क, सेनिटाइजर लगायत वितरण | | २०० जना | |
| १२ | आउटरिच कार्यक्रम | १० वटा | २८ वटा | विभिन्न स्कूल, हेल्थ पोस्ट, गलैंचा कारखाना, इट्टा भट्टा आदिमा रोटरी क्लब अफ मध्यपुर को सहयोगमा |
| १३ | महिला सामुदायिक स्वास्थ स्वायम्सेविका बैठक | २ | २ | |
| १४ | महिला सामुदायिक स्वास्थ स्वायम्सेविकालाई व्याग वितरण | १० | १० | साथसाथै प्रत्येकलाई ५०० भत्ता |
| १५ | विद्यालय शिक्षामा सहयोग | | २ जना | गंगा अवाले र सागर अवाले |
| १६ | क्यान्सर पीडित १७ वर्षीय किशोरीलाई सहयोग | | १ जना | |
| १७ | खाद्य सामाग्री, लत्ताकपडा वितरण तथा सहयोग | | २ परिवार | गलैंचा कारखाना र ईट्टा भट्टमा काम गर्ने सुत्केरीको परिवार<br>शर्मिला तामाङ र सुष्मा तामाङलाई सहयोग |

| | | | | |
|---|---|---|---|---|
| १८ | स्तनपान सम्बन्धी अन्तक्रिया | | ८ | कोरियन अस्पतालका कर्मचारी सँग ४ पटक, स्कूल शिक्षकसँग २ पटक र स्थानीय स्वास्थ्य चौकीका कर्मचारीसँग ४ पटक |
| १९ | समन्वय बैठक | ४ | ८ | सरोकारवालासँग बोर्ड सदस्य, नव निर्वाचित वडा अध्यक्ष, मेयर, वडा सदस्य र दात्तृ संस्था चिमालय चरिटी डेनमार्क आदि । |

## ६.२ आमा समूह भेला



फोटा १ : आमा समूहको भेला

समूह छलफल एवं अभिमुखिकरण कार्यक्रम अन्तर्गत बोडे आसपासका समुदायमा रहेका दुई वर्ष भन्दा कम उमेरका शिशु एवम् बालबालिका भएका आमा समूहहरू भेला गराई छलफल कार्यक्रम निर्धारित कार्यतालिका अनुसार सम्पन्न गरियो । यस भेलामा आमा र बचाको स्वास्थ्य र पोषण सम्बन्धी छलफल गर्नुको साथै नियमित रूपमा बच्चाको नाप तौल लिने र संस्थाका चिकित्सकहरूबाट स्वास्थ्य जाँच पनि गरिएको छ । यस आर्थिक वर्ष भित्रमा आमा समूहका ९५ वटा भेला सम्पन्न भएका छन् । जसमा ४८१ ना आमाहरूको सहभागिता रहेको छ । विभिन्न चरणमा भेला भएका ४८१ जना आमाहरू मध्ये यस आर्थिक वर्षमा ८२ जना नयाँ आमाहरू सहभागी भएका छन् भने बाँकी पुराना आमाहरूले निरन्तर सेवा लिइरहेका छन् । यसैगरी यस वर्ष ८२ जना नयाँ बालबालिका सेवा प्राप्त गर्न सहभागि भएका छन् ।

## ६.३ परियोजनाका परामर्शकर्ताद्वारा घरपरिवार भ्रमण

यस परियोजनाको एक प्रमुख कार्य भनेको गर्भवती, सुत्केरी महिला एवं नवजात शिशुको स्वास्थ्य हेरचाह, निजहरूलाई आवश्यक परामर्श दिई उनीहरूको स्वास्थ्य व्यवहारमा परिवर्तन ल्याई स्वास्थ्यमा अपेक्षित सुधार ल्याउनु हो । परियोजनाको निर्धारित लक्ष्य अनुसार केन्द्रका परामर्श दाताहरू घरदैलो पुगी घर परिवार भ्रमण गर्ने कार्यक्रम सफलतापूर्वक सम्पन्न गरियो । कार्यक्रमको वर्षभरिको भ्रमणलाई निम्नानुसार समावेश गरिएको छ ।

तालिका नं. १ : घरपरिवार भ्रमणको अवस्था

| क्र.स. | भ्रमणको विवरण | भ्रमण संख्या | कैफियत |
|---|---|---|---|
| १. | पहिलो पटक भ्रमण | २११ पटक | |
| २. | दोस्रो पटक भ्रमण | २०४ पटक | |

| | | | |
|---|---|---|---|
| ३. | तेस्रो पटक भ्रमण | १८७ | |
| ४. | ६ महिलाको भ्रमण | १४० पटक | |
| ५. | अतिरिक्त भ्रमण | २२ पटक | |
| | जम्मा भ्रमण | ७६४ पटक | |



फोटो : स्वास्थ्यकर्मीद्वारा नवजात शिशु तथा सुत्केरी आमाको स्वास्थ्य अवस्थाको जानकारी लिँदै आवश्यक परामर्श प्रदान गरिएको ।

नवजात शिशुको घरदैलोसम्म परामर्शकर्ता तथा स्वास्थ्यकर्मीहरू पुगी शिशु तथा आमाको स्वास्थ्य परीक्षण गर्ने र आमा तथा परिवारमा नवजात सिशुलाई कम्तिमा जन्मेदेखि छ महिना सम्म पूर्णरूपमा आमाको स्तनपान मात्र गराउने र ६ महिना पश्चात आमाको दुधको साथसाथै पोषिलो आहार पनि पुरक खानाको रूपमा खुवाउन प्रोत्सहित गर्ने काम गरियो । यसरी वर्ष भरीमा पटक पटक गरेर जम्मा ७६४ पटक नवजात शिशु तथा सुत्केरी आमाको स्वास्थ्य अवस्थाको जानकारी लिन परिवारको भ्रमण गरिएको छ । साथसाथै रोटरी क्लब अफ मध्यपुरको सहयोगमा २११ वोटा बाग वितरण पनि सम्पन्न गरियो ।

### ६.४ घुम्ती स्वास्थ्य सेवा (रोटरी क्लबको सहयोगमा)

विगतका वर्षहरूमा गरिएका घुम्ती सेवाको माध्यमबाट समुदायललाई मातृ तथा शिशु स्याहार र स्वास्थ्य सम्बन्धी जानकारी गराउने कार्य प्रभावकारी भएको पाइएको छ । साधारण स्वास्थ्य परीक्षण र आवश्यकता अनुसार सरसफाईका सामाग्रीहरू जस्तै स्वास्थ्य सामाग्री, शैक्षिक सामाग्री, पोषणयुक्त खानाका सामाग्रीहरू प्रदान गर्ने र यस वर्ष १० स्थानमा घुम्ती स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य लिइएकोमा जम्मा २८ वटा घुम्तीशिविर संचालन गरी ५०० शिशु तथा १००० जना भन्दा बढी आमाहरू शिविरबाट लाभान्वित भएका छन् ।





फोटोः स्वास्थ्यकर्मीद्वारा ईट्टा भट्टामा शिशुको परिक्षण गर्दाको तस्विर ।

कुनै पनि गैरसरकारी संघसंस्थाले गरेका सामुदायिक क्रियाकलापहरूको सार्थकता जबसम्म राज्य संयन्त्रले त्यस्ता गतिविधिहरूको अपनत्व लिंदैन तबसम्म हुँदैन । संघसंस्थाले सुरुगरेका राम्रा र उदाहरणीय कार्यलाई राज्यले आफ्नो कार्यक्रम तथा नीति भित्र समायोजन गरे पछि मात्रै त्यस्ता कार्यक्रमको दिगोपनाले निरन्तरता पाउने हुन्छन् । त्यसकारण चिमालयले गर्ने हरेक गतिविधिमा राज्यका सम्बन्धित निकायको संलग्नता गराउने नीति रहेको छ । सोहि अनुरूप विगत वर्षमा बोडे स्वास्थ्य चौकीसँगको सहकार्यमा स्थानीय आमाहरू र गर्भवती महिलाहरूलाई समेटेर स्वास्थय छलफल कार्यक्रम आयोजना गरिएको थियो । यसले गर्दा सरकारी स्वास्थ्य क्षेत्रबाट के कस्ता सेवा सुविधाहरू प्रदान गरिदै आएको भन्ने जानकारी स्थानीय महिलाहरूलाई भयो भने स्थानीय महिलाहरूको स्वास्थ्य तथा नवजात शिशुको हेरचाहको अवस्था कस्तो रहेछ र आगामी दिनमा स्वास्थ्य चौकीले कसरी प्रभावकारी सेवा प्रवाह गर्नु पर्दछ भन्ने जानकारी स्वास्थ्य चौकीका इन्चार्जले प्राप्त गर्नु भएको थियो । यस समन्वयलाई यस वर्ष पनि निरन्तरता दिइएको छ ।

यस वर्ष पनि रोटरी क्लब मध्यपुर थिमीको सहयोग र चिमालय च्यारिटीको समन्वयमा विभिन्न स्थानमा र त्तनपान सहयोग र शिशु स्वास्थ्य सम्बन्धी तालिमको आयोजना गरिएको छ । स्थान तालिम कार्यक्रम कार्यक्षेत्रका विभिन्न हेल्थ पोष्ट, इट्टा भट्टा, स्कूलका शीशक, गलैंचा कारखानाका कामदार तथा गर्भवती आमाहरूको लागि लक्षित गरी आयोजना गरिएको थियो । यी तालिमहरूमा गर्भवती अवस्थामा आउने शारिरीक परिवर्तन तथा समस्या, स्तनपान विधि, प्रकृया र महत्व,



शिशु स्याहार, प्रसुति स्याहार तथा हेरचाह, पोषण, स्वास्थ्य व्यवहार, प्रसुति पूर्वतयारी आदि बारेमा जानकारी प्रदान गर्ने तथा सहभागीहरूको जिज्ञासा माथि छलफल गरी स्पष्टता गरिएको थियो । उक्त अवसरमा सहभागीहरूलाई आवश्यकता हेरेर कोरना रोकथामको लागि आवश्यक पर्ने सामाग्री (ब्याग, मास्क, सेनिटाइजर, ह्याण्ड वास, हाते रूमाल, कटन, केहि पौष्टिक प्रदायक बदाम तथा मसलाको प्याक पनि प्रदान गरिएको थियो ।





गर्भवती महिलाहरूलाई ब्यायाम सिकाउँदै ।



यस्ता शिविरहरू खास गरी स्वास्थ्य सेवामा पहुँच नहुने समुदाय जस्तै  ईट्टा भट्टाहरूमा काम गर्ने महिला, गलैंचा उद्योगमा काम गर्ने महिला, अनौपचारिक क्षेत्रमा काम गर्ने, ज्यामी काम गर्ने र गृहिणीहरूलाई बढी लाभदायि भएको पाइएको छ ।





फोटोः संस्थाका डाक्टरद्वारा गलैंचा कारखाना र ईट्टा भट्टामा बस्ने महिला र उनको शिशुको स्वास्थ्य परिक्षण गर्दै ।

## ६.५ कोभिड रेस्पन्स खाद्य सामाग्री वितरण

चिमालय च्यारिटीले कार्यान्वयन गर्दै आएको कार्यक्रम विपन्न भन्दा विपन्न समुदायमा लक्षित भएको हुँदा कोभिड १९ महामारीको आर्थिक असर पनि यहि वर्गमा बढी पर्ने स्वभाविक हो । त्यसकारण यो समुदायमा काम गर्दा चिमालय यस समुदायका समस्याहरूसँग पनि सम्वेदनशिल भएको छ ।





ईट्टा भट्टामा सहयोग

कोरोनाका कारण आर्थिक क्षेत्र तहसनहस भएको छ । धेरैले रोजगारी गुमाएका छन् । यस अवस्थामा चिमालयले रोटरी क्लब अफ मध्यपुरको समन्वयमा अत्यवश्क परेका वा संकटमा परेका परिवारको लागि एउटा परिवारको लागि कम्तीमा एक महिनासम्म खान पुग्ने खाद्यन्न जस्तै चामल, दाल, गेडागुडी, नुन, तेल, घ्यू, अण्डा, बिस्कुट, चिनी, मसला लगायतका खाद्यन्नको प्याक बनाएर वितरण गरिएको थियो ।

## ६.६ महिला स्वास्थ्य स्वयम् सेविकासँगको बैठक

चिमालय च्यारिटी नेपाल स्थानीय सरकारका अंगहरूसँग समन्वय गरेर आफ्नो कार्यक्रम संचालन गर्ने नीति अनुरुप, स्थानीय महिला स्वास्थ्य स्वायम् सेविकासंग नियमित रूपमा समन्वय बैठक गदै आएको छ । उनीहरूको ज्ञान तथा सीपलाई संस्थाले स्थानीय महिलाको हितमा सदुपयोग गर्न सहजिकरण गर्दै आएको छ । कोभिड-१९ (COVID-19) को महामारीमा पनि टोल टोल तथा घरघरमा गएर प्रत्यक्ष सेवा प्रदान गर्ने उहाँहरूलाई स्वास्थ्य



सुरक्षा समाग्री वितरण गरिएको थियो । यस क्रममा हरेक FCHV लाई ब्याग र एक/एक प्याकेट मास्क र ह्याण्ड सेनिटाइजर वितरण गरिएको थियो । साथै महिला स्वास्थ्य परामर्शकतासँग समन्वयमा विभिन्न समुदायका गर्भवती महिलाहरूको सूचना लिई फलोअप गर्ने तथा परामर्शकताको क्षमता अभिबृद्धिकोलाई अन्तरकृया कार्यक्रमको आयोजना गर्ने काम भएको छ र उत्कृष्ट स्वयम् सेविकालाई सम्मान पनि गरियो ।




महिलाहरूको स्वास्थ्य समस्या बहुपक्षीय हुने भएको हुँदा स्थानीय क्षेत्रमा रहेको कोरियन अस्पतालसँग पनि विभिन्न चरणमा समन्वय बैठक गरिएको छ । यस अस्पतालले पनि स्तनपान तथा गर्भवती महिलाको स्वास्थ्य जगरणको बारेमा सहकार्य गर्ने भएको छ । त्यसै गरी पहिले झै स्थानीय विद्यालय र स्वास्थ्य चौकी र वडासँग पनि विभिन्न पटक समन्वय बैठक गरिएको छ ।



कोरियन हस्पिटलसँगको छलफल कार्यक्रम



नवनिर्वाचित वडा अध्यक्ष र सदस्यहरूसँग छलफल कार्यक्रम

## ७. परियोजनाले झेल्नुपरेका समस्याहरू

- विश्व कोरोना महामारीको चपेटामा परेको अवस्थामा चिमालय च्यारिटीले काम गर्ने कार्यक्षेत्र अछुतो रहने सवाल नै रहेन । यो कार्यक्रम विपन्न समुदायमा लक्षित भएको हुँदा लामो लकडाउनको कारणले समुदायमा आर्थिक अभाव तथा खाद्यन्नको संकट यस वर्ष पनि परेको थियो ।
- कोभिड र लकडाउनको कारणले डेनमार्कको सहयोगी समूहबाट लक्ष्य अनुसारको सहयोग रकम संकलन हुन नसकेको हुँदा आगामी वर्षको बजेटमा कमी आएको छ ।
- गतवर्ष यस परियोजना कार्यान्वयन गर्दा देखिएका समस्याहरू यस वर्ष पनि निरन्तर भएका छन् । जस्तै परियोजना कार्यान्वयन क्षेत्रमा बसाईसरी आएका परिवारहरू तथा डेराभाडामा बस्ने धेरै जनसंख्या भएको कारण

बेला बेलामा घर सर्ने भएको हुँदा तीनिहरू स्थानान्तरण भएको स्थान पत्ता लगाउन र हिड्ने बच्चा, आमा र शिशुको सेवामा निरन्तरता दिन समस्या परेको छ । यसले गर्दा कहिले कहिँ समयमा नै सुत्केरी भएको जानकारी प्राप्त गर्न गाऱ्हो हुन्छ ।

- कार्यक्षेत्रभन्दा बाहिरबाट पनि सेवा लिन आउनेको संख्या बढेर गएको हुँदा संस्थाको सिमित स्रोतले प्रभावकारी सेवा प्रदान गर्न कठिन भउको छ ।
- कार्यक्रमका लक्षित समुदायको ज्याला मजदुरी नै प्रमुख जीवन धान्ने पेशा भएको कारण बच्चा जन्मिएको केही समयमै काममा जाने भएको हुँदा सेवाग्राहीलाई भेट्न कठिन भएको थियो ।
- अझै पनि गरिबी र अशिक्षित समुदाय भएको कारण सेवाप्रदान गर्न लागिएको स्वास्थ्य सेवाको महत्व नबुझेको कारण सेवा प्रदायकलाई चाहेजस्तो सेवाप्रदान गर्न गाह्रो भएको तर जो आमाहरू अघिल्लो वर्षदेखि सेवा लिइरहेका छन् उनीहरूमा भने आफ्नो र बच्चाको स्वास्थ्यको ख्यालगर्ने चेतना निकै बढेको पाइएको छ । उनीहरू आफैं पनि बेला बेलामा कार्यक्रमका स्वास्थ्य कर्मी तथा कर्मचारीलाई भेटेर सोधखोज गर्ने थालेका छन् ।
- घर परिवार भित्रको स्वास्थ्य अवस्था नवजात शिशु तथा गर्भवती महिलाको लागि स्वस्थ्य र सुरक्षित राख्नु पर्छ भन्ने चेतना जगाउन परिवार भ्रमणको बेला अभियानको रूपमा अगाडि बढाउनु पर्ने देखिएको छ ।
- घरदैलोमा नै गएर सेवा दिंदा कहिले कहिँ सामाजिक र आर्थिक समस्थाहरू बारे पनि पारियोजनाका कर्मचारीहरूलाई जानकारी गराउने पनि पाएको छ । स्वास्थ्य सम्बन्धी जानकारी दिने हाम्रो प्रमुख उद्देश्य भए पनि यस्ता समस्याहरू हाम्रो कार्यक्षेत्र भित्र नपरे पनि संस्थाले सके जति सहजिकरण गर्ने गरिएको छ ।
- यस वर्ष डेनमार्कमा स्तनपान सम्बन्धी कार्यक्रमको बारेमा छलफलको लागि स्वास्थ्य टोली पाठाउने लक्ष्य रहेता पनि विविध कारणले पठाउन नसकिएको, आदि ।
- स्थानिय वडा र सहकारीसँग सहकार्य गरी कार्यक्रमहरू अझ संचालन गर्न नसकेको आदि ।

## ८. परियोजना तथा कार्यक्रमका राम्रो पक्षहरू

१. अघिल्लो वर्ष झै यस वर्ष पनि चिमालय च्यारिटीको कार्यसमूह र यस संस्थाका अध्यक्ष तथा कार्यसमिति सदस्यहरू सामाजिक सेवा प्रति समर्पित भएको हुँदा परियोजना कार्यान्वयनमा सहज भएको छ। साथै संस्थाको कार्यक्रमलाई लक्षित समुदाय तथा सरोकारवाला निकायहरूले भरपुर सहयोग गरिरहेका छन् ।

२. यस परियोजनाको मुख्य लक्ष्य आमा तथा २ वर्षभन्दा कम उमेरका शिशु तथा बालबालिका भएको परिवारको स्वास्थ्य सेवा लिने व्यवहार परिवर्तन गर्नु हो । स्वास्थ्य व्यवहार परिवर्तन तुरून्तै हुने प्रक्रिया नभएर निरन्तर सिकाईको प्रक्रियाबाट हुने भएकोले स्वास्थ्य संरचनाबाट नियमित सेवा प्रवाह हुनु जरूरी छ । त्यसकारणले अझै केहि समयसम्म कार्यक्रम गर्नु पर्ने देखिन्छ र यस परियोजनाको साझेदार संस्था पनि यस सर्तमा सकारात्मक हुनु र कार्यक्रमलाई निरन्तरता दिनु हो ।

३. साथै, स्तनपानको सहायता घरमा नै पाउन सकेको हुनाले अनावश्यक बजार उपलब्ध अन्य दुध बच्चालाई नखुवाउने चलन बढेर गएको छ ।

४. स्तनपान सम्बन्धी कुनै पनि समस्या परेमा अस्पताल जान नपरेको हुँदा महिलालाई सहज भएको ।

५. चिमालयको कार्यक्रममा स्थानीय महिला स्वास्थ्य स्वायम् सेविका र हेल्थपोष्टहरूलाई पनि समावेश गरिएको हुँदा स्वायम् सेविकाहरूको काम थप प्रभावकारी र हेल्थपोष्टको सेवाहरू धेरै जनाले पाउन सहयोग पुगेको छ ।

६. कार्यक्रमका मुख्य गतिविधिहरू आमा समूहको भेला, स्तनपानको प्रबर्दनको लागि घरपरिवार भ्रमण, घुम्ती शिविर, नियोनेट व्याग एवम् गरिब परिवारको लागि खाद्यान्न वितरण समुदायले अति आवश्यक महसुस गरेको हुँदा यी कार्यक्रम प्रभावकारी भएका छन् ।

७. स्थानीय लक्षित समुदाय, वडा कार्यालय तथा नगरपालिका, स्वास्थ्य स्वयम् सेविकाहरू कार्यक्रमको महत्व र आवश्यकता प्रति सकारात्म भएको हुँदा कार्यक्रम संचालनमा सकारात्म प्रभाव परेको छ ।

८. गत वर्षभन्दा यो वर्ष धेरै सुत्केरी आमाहरूलाई सेवा पाएको र स्तनपान सम्बन्धी जानकारी मूलक कार्यक्रम आमालाई मात्र नभएर समाजका अन्य सदस्यहरूलाई जस्तै शिक्षक, स्वास्थ्यकर्मी तथा सुत्केरीका परिवारका सदस्यहरूलाई पनि नियमित तालिम दिएको ।

९. रोटरी कल्ब डेनमार्कको सहयोगमा नगरकोट क्षेत्रमा नियमितरूपमा आउटरिच कार्यक्रम गर्न सफल भएको आदि रहेका छन् ।

## ९. सुधारका क्षेत्रहरू

- स्थानीय वडा कार्यालय र सहकारीहरूबाट पनि आर्थिक अनुदान लिएर सामुहिकरूपमा कार्यक्रम संचालन गर्न भविष्यमा प्रयास गर्दा कार्यक्रम अझ प्रकावकारी हुने देखिन्छ ।
- चिमालयको सेवाबाट लाभान्वित भएका आमा र परिवारको सफलताका कथाहरूलाई प्रचारप्रसार गरेर अन्य समुदायमा पनि कार्यक्रममा सहभागि गराउन सकेमा परार्मश तथा अन्य गतिविधिहरू थप प्रभावकारी हुने थिए ।

## १०. परियोजनाले पारेको प्रभाव

यस अवधिमा चिमालय च्यारिटीले के कस्तो काम गर्छ भन्ने जानकारी समुदायमा प्रचारित भएको हुँदा सेवाग्राही आफै सेवा लिन आउने तथा सेवा खोज्ने क्रम बढेर गएको छ । आमा तथा शिशुको स्वास्थ्य स्याहारलाई हेर्ने सोचमा केहि परिवर्तन आएको पाइन्छ । स्तनपान र बाल स्वास्थ्यलाई घरदैलो भ्रमण गरेर सेवा प्रदान गरिएको हुँदा उनीहरूले स्वास्थ्यमा गर्नुपर्ने खर्च र दुखमा कमी आभएको छ ।

यस अवधिमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी एवं संस्थाका अध्यक्ष तथा कार्यसमितिका सदस्यहरूको संयुक्त प्रयासबाट यस संस्थाले पुर्‍याएको सेवाको अनुभव समुदायका सदस्यहरूले विस्तारै महशुस गरी व्यक्त गर्न थालेका छन् । सेवा प्रदान गरिएका आमाहरू र उनको परिवारले बच्चा जन्मेको ६ महिनासम्म आमाको दुधमात्र (Exclusive Breastfeeding) खुवाउनुपर्छ र ६ महिनापछि पोषणयुक्त खानाहरू पनि पुरक खानाको रूपमा आमाको दुध साथ खुवाउनु पर्ने सन्देश प्रवाह गरी महशुस गराउन सकिएको छ । साथै पहिला आमा र शिशु भेलामा सहभागी हुन

आउन अनकनाउने महिलाहरूले "यो त हाम्रो साझा थलो हो हाम्रा र हाम्रा नानीहरूको समस्या बारे छलफल गरी समस्या समाधान गर्ने" भनी अति सहज रूपमा सहभागी हुने आफ्ना समस्याहरूलाई सहजरूपमा राख्न थालेका छन् । अब प्रत्येक सुत्केरी आमा र परिवार साथै गर्भवती महिलाका परिवारमा यस चिमालय च्यारिटीका परामर्शदाताहरू भ्रमण गर्दा उनीहरू प्रायः सहयोगी हातहरू घरदैलो आईपुगेकोमा खुसी व्यक्त गर्छन् । आफ्ना समस्याहरूलाई सहज रूपमा राख्छन् । समाधानका उपायहरूबारे प्रश्नहरू राख्छन् थप भिजिटबारे जिज्ञासा राख्छन् ।

घुम्ती सेवा कार्यक्रमले स्वास्थ्य सेवामा पहुँच नभएका आमालाई स्वास्थ्य सेवामा पहुँच बृद्धि गरेको छ तर यो कार्यक्रमलाई स्थानीय स्वास्थ्य सेवा प्रदायक सरकारी संरचनाले निरन्तरता दिने तथा दिलाउने तर्फ संस्थाले सहजिकरण गर्नु पर्ने भएको छ । अन्यथा, महिलाहरूमा आएको स्वास्थ्य चेतना पनि पुनः सुस्ताउने देखिन्छ । सेवाको निरन्तरता आवश्यकता देखिएको छ ।

चिमालय च्यारिटी नेपालले स्थानीय जनप्रतिनिधिहरूलाई आफ्नो काममा संलग्न गराउँदै आएको छ । गैरसरकारी क्षेत्रबाट भएका कामहरूमा स्थानीय सरकार तथा जनप्रतिनिधिहरूलाई जानकारी गराउँदा संस्थाको कामले निरन्तरता पाउने छन् । साथै एकातर्फ सरकारको योजना तथा काममा सहयोग पुग्ने छ भने अर्को तर्फ राज्यको रिपोर्टिङ प्रणालीमा समेटिने छ ।

**बुादागत रूपमा मुख्य उपलब्धीहरूः**

१) हाम्रो समुदायमा नवजात बच्चा जन्मेको खबर प्राप्त गर्ने बित्तिकै सकभर जन्मेको पहिलो हप्तामा नै घरमा नै गएर स्वास्थ्य कार्यकर्ता र नर्स सहित को टोलीले शिर देखि पैताला सम्मको साधारण जाँच गर्ने भएकोले समयमा नै कुनै समस्या भएमा सरसल्लाह साथै थप परामर्श को लागि अस्पतालमा पठाउन सहयोग पुगेकोछ ।

२) सफल स्तनपान गर्नको लागि आवश्यक परामर्श साथै विभिन्न आशनको प्रयोग गर्न सकिने परामर्श परिवारको सबै उपलब्ध सदस्यहरू सामु दिने भएकोले ६ महिनासम्म स्तनपान मात्र गर्न टेवा पुगेको छ ।

३) आमा गर्भवती हुँदादेखि हामीले नवजात शिशुलाई सामान्यतया आउन सक्ने समस्याहरू बारे छलफल गर्ने भएकोले आमाहरू ६ महिनासम्म अरू केहि नदिईकन स्तनपान मात्र गराउन उत्प्रेरित भएको पाएको छ ।

४) स्वास्थ्य कार्यकर्ताहरूको जाँच र सरसल्लाह साथै आवश्यक परेमा बाल रोग बिशेसज्ञको परामर्श उपलब्ध भएको हुनाले अस्पतालमा धेरै जानु नपरेको पाएको छ।

५) कोभिड-१९ (COVID-19) को बेलामा पनि कतिपय घरमा नै सुत्केरी भएका आमाहरूको आवश्यक हेरविचार गरेको थियो ।

६) कतिपय अवस्थामा असहाय गरिब परिवारलाई उपचार खर्चको पनि सहयोग गरेको छ ।

७) यस परियोजनाको लागि बढीमात्रामा आर्थिक सहयोग डेनमार्क चिमालय च्यारिटी मार्फत रोटरी क्लबबाट आउने भएको हुँदा चिमालय च्यारिटी नेपालले निरन्तर रूपमा स्थानीय मध्यपुर रोटरी क्लबसँग पनि समन्वय गरेर

कार्यक्रम गरी रहेको छ । साथै, स्थानीय वडा कार्यालय र मध्येपुर थिमी नगरपालिकासँगको समन्वय पनि राम्रोसँग भएको छ ।

## विपन्न परिवारहरूलाई खाद्यान्न तथा शैक्षिक सहयोग















# कार्यक्रम सम्बन्धी केही फोटोहरु
















THE UNREACHABLE
CHIMALAYA
www.chimalayacharity.com







**RAC & CO.,**
Registered Auditors

Phone: 016211268
ICAN Reg. No.2484/059

## *INDEPENDENT AUDITOR'S REPORT ON FINANCIAL STATEMENT TO THE EXECUTIVE BOARD OF CHIMALAYA CHYARITY NEPAL*

*We have audited the accompanying financial statements of **Chimalaya Charity Nepal (PAN 605451630)**, which comprise the Balance Sheet as at 16th July 2022 (Corresponding to Ashadh 32, 2079), the statement of Income & Expenditure and cash flows statement for the year then ended, and a summary of significant accounting policies and other explanatory information.*

### *Management's Responsibility*

*Management is responsible for the preparation and fair presentation of these financial statements. This responsibility includes: designing, implementing, and maintaining proper internal control over preparation of financial statement that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.*

### *Auditor's Responsibility*

*Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free from material misstatement. An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The selected procedures depend on the auditor's judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers internal control relevant to the entity's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control. An audit also includes evaluating the appropriateness of accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.*

### *Opinion*

*In our opinion, the financial statements present fairly, in all material respects, give a true and fair view of the financial position of **Chimalaya Charity Nepal** as at 16th July 2022 (Corresponding to Ashadh 32, 2079), and of its financial performance and its cash flows for the year then ended.*

*To the best of our knowledge & belief and according to the explanation & information given to us and based on our audit, we further report that **Chimalaya Charity Nepal** has complied with general provisions of Income Tax Act, 2058 relating to withholding tax.*

RAC & Co. Registered Auditors Kathmandu Nepal

*Ramayodhya Pd. Chaudhary*
*Registered Auditor*

*Date: 10th Aug. 2022*
*Place: Kathmandu*

UDIN Number: 220810RA034343GVuV

# CHIMALAYA CHYARITY NEPAL

**Significant Accounting Policies and Notes to Accounts**
**Financial Year 2021/22 (2078/079)**

1. ***General Information***
   ***Chimalaya Charity Nepal**, is a non-profit making Non-Government Organization, registered at District Administration Office, Bhaktapur, Nepal in year 2016 (2063BS). Its registered office is situated at Bode, Madhyapur Thimi Municipality, Bhaktapur. It's main objective is non-profit making social work, which can be performed within the Madhyapur Thimi Municipality and around ward of other municipality of Bhaktapur District.*

2. ***Significant Accounting Policies***
   *The financial statement has been prepared in accordance with generally accepted accounting principles. The Organization, as per prevailing Tax Act 2058, has been following the mercantile system of double entry account system on cash basis and historic cost convention.*

3. ***Books of Accounts:***
   *Accounts are posted in computerized accounting software system "Tally Booking System". Postings are supported with manual payment, receipt and journal vouchers.*

4. ***Fixed Assets***
   *Fixed Assets purchased under program cost, has been shown as program expenses. No Fixed assets has been realized and shown on Balance Sheet yet.*

5. ***Surplus Fund***
   *Un-spent amount out of fund received for specific activities at year-end has been shown as Restricted Fund in financial statement, which will be spent in following year.*

6. ***Cash and cash equivalents***
   *Cash and cash equivalent comprise cash in hand balances (Petty Cash) and year end bank balances at operating and non-operating bank account. Bank account balance has all been verified with bank balance (Bank Statement). There is no cash-in-hand balance.*

7. ***Grants and Income***
   *All grant received has been accounted for in cash basis. This organization is non-profit making, social organization, so grant amount to the extent of spent amount during the year, has been shown as grant income. This organization has mobilized total of Rs. 2,783,634.10 grant income during the year 2021/22. And unspent grant of Rs.181,342.40 has been added to restricted fund.*

8. ***Tax Liabilities***
   ***Chimalaya Charity Nepal**, is a non-profit making Non-Government Organization, has obtained tax exemption certificate from concerned Inland Revenue Office, but has failed to get it renewed for F.Y.2021/22. Applicable TDS on taxable payment has been made and deposited to Inland Revenue Office.*

RAC & Co

# CHIMALAYA CHARITY NEPAL

Madhyapur Municipality, Bhaktapur, Nepal

## Statemetn of Changes in Reserves

For the Year Ended 16th July 2022 (32nd Ashad 2079 )

| Description | Restricted Reserves | Designated Funds | Unrestriced Reserves | Endowment Funds | Fixed Asset Fund | Capital Reserves | Result for the Year | Total |
|---|---|---|---|---|---|---|---|---|
| **Balance as at 15th July 2020** | **1,381,962.23** | - | - | - | - | - | | **1,381,962.23** |
| Result for th Year | | | | | | | (452,460.80) | (452,460.80) |
| Allocation of results to Restricted Reserves | (452,460.80) | - | - | - | - | - | (452,460.80) | (452,460.80) |
| Allocation of results to Designated Funds | - | - | - | - | - | - | - | - |
| Allocation of results to Unrestricted Funds | - | - | - | - | - | - | - | - |
| Allocation of results to Endowment Funds | - | - | - | - | - | - | - | - |
| Allocation of results to Capital Fund | - | - | - | - | - | - | - | - |
| **Balance as at 16th July 2021** | **929,501.43** | - | - | - | - | - | **(452,460.80)** | **929,501.43** |
| Result for th Year | | | | | | | 181,342.40 | 181,342.40 |
| Allocation of results to Restricted Reserves | 181,342.40 | - | - | - | - | - | 181,342.40 | 181,342.40 |
| Allocation of results to Designated Funds | - | - | - | - | - | - | - | - |
| Allocation of results to Unrestricted Funds | - | - | - | - | - | - | - | - |
| Allocation of results to Endowment Funds | - | - | - | - | - | - | - | - |
| Allocation of results to Capital Fund | - | - | - | - | - | - | - | - |
| **Balance at at 15th July 2022** | **1,110,843.83** | - | - | - | - | - | **(271,118.40)** | **1,110,843.83** |

Asha Khadka
Tresurer

CHIMALAYA CHARITY NEPAL

Dr. Ramkrishna Chanyo
Secretary

Dr. Manjeswori Ullak
President

RAC & Co
Kathmandu Nepal
Registered Auditors

Ramayodhya Pd. Chaudhary
Registered Auditors

# CHIMALAYA CHARITY NEPAL

Madhyapur Municipality, Bhaktapur, Nepal

## Cash Flow Statement

Period from 16th July 2021 to 16th July 2022

| Particulars | F.Y.2021/22 | F.Y.2020/21 |
|---|---|---|
| **Cash Flow from Operation** | | |
| Surplus for the year | - | - |
| Add, | | |
| Deprciation | - | - |
| **Cash flow from operaing assets & Liabilities** | | |
| Increase/(Decrease) in Restricted Fund | 181,342.40 | (452,460.80) |
| Increase/(Decrease) in Expense Payable | - | - |
| **Net Cash flow from operation** | **181,342.40** | **(452,460.80)** |
| **Cash flow from investing activities** | | |
| Purchase of fixed Assets | - | - |
| Unabsorebed Repair cost | - | - |
| **Cash flow from Financing activities** | | |
| Changes in Surplus Fund | - | - |
| Income Tax Payament | - | - |
| **Net Increase in Cash & Bank** | **181,342.40** | **(452,460.80)** |
| Opening Cash & Bank | 929,501.43 | 1,381,962.23 |
| **Cash & Bank at year end** | **1,110,843.83** | **929,501.43** |

As per our report even date

| Asha Khadka | Dr. Ramkrishna Chanyo | Dr. Manjeswori Ullak | Ramayodhya Pd. Chaudhary |
|---|---|---|---|
| Tresurer | Secretary | President | Registered Auditors |

# CHIMALAYA CHARITY NEPAL

Madhyapur Municipality, Bhaktapur, Nepal

## Balance Sheet

As on 16th July 2022

| Particulars | Annex | F.Y.2021/22 | F.Y.2020/21 |
|---|---|---|---|
| **Liabilities** | | | |
| Surplus Fund | 1 | - | - |
| Restricted Fund | 2 | 1,110,843.83 | 929,501.43 |
| Expense Payable | | - | - |
| **Total** | | **1,110,843.83** | **929,501.43** |
| **Assets** | | | |
| Fixed Assets | | - | - |
| Cash & Bank | 3 | 1,110,843.83 | 929,501.43 |
| **Total** | | **1,110,843.83** | **929,501.43** |

As per our report even date

| Asha Khadka | Dr. Ramkrishna Chanyo | Dr. Manjeswori Ullak | Ramayodhya Pd. Chaudhary |
|---|---|---|---|
| Tresurer | Secretary | President | Registered Auditors |

# CHIMALAYA CHARITY NEPAL

Madhyapur Municipality, Bhaktapur, Nepal

## Statement of Income & Expenditure

Period from 16th July 2021 to 16th July 2022

| Particulars | Annex | F.Y.2021/22 | F.Y.2020/21 |
|---|---|---|---|
| **Income** | | | |
| Financial Support | 4 | 2,783,634.10 | 2,534,201.30 |
| **Total** | | **2,783,634.10** | **2,534,201.30** |
| **Expenditure** | | | |
| Program Expenses | 5 | 2,285,521.00 | 2,098,679.00 |
| Salary & Allowance | | 386,400.00 | 331,200.00 |
| Printing & Stationary | | 8,967.00 | 14,693.00 |
| Water and refreshment | | 71,599.00 | 59,520.00 |
| Bank costs | | 2,897.10 | 2,989.30 |
| Audit Fee | | 28,250.00 | 27,120.00 |
| **Total** | | **2,783,634.10** | **2,534,201.30** |
| **Surplus for the year** | | - | - |

As per our report even date

| | | | |
|---|---|---|---|
| Asha Khadka | Dr. Ramkrishna Chanyo | Dr. Manjeswori Ullak | Ramayodhya Pd. Chaudhary |
| Tresurer | Secretary | President | Registered Auditors |

# CHIMALAYA CHARITY NEPAL

Madhyapur Municipality, Bhaktapur, Nepal

For the Year. 2021/22

**Annex - 1**

**Surplus Fund**

As on 16th July 2022

| Particulars | F.Y.2021/22 | F.Y.2020/21 |
|---|---|---|
| Opening Surplus | - | - |
| Surplus for the year | - | - |
| **Total** | - | - |

**Annex - 2**

**Restricted Fund**

As on 16th July 2022

| Particulars | F.Y.2021/22 | F.Y.2020/21 |
|---|---|---|
| Opening Fund Balance | 929,501.43 | 1,381,962.23 |
| Add, Fund Received (Current Period) | 2,964,976.50 | 2,081,740.50 |
| Less, Fund Utilized (Current Preiod) | (2,783,634.10) | (2,534,201.30) |
| **Total** | **1,110,843.83** | **929,501.43** |

CHIMALAYA CHARITY NEPAL

RAC & Co Kathmandu Nepal Registered Auditors

# CHIMALAYA CHARITY NEPAL

Madhyapur Municipality, Bhaktapur, Nepal

For the Year. 2021/22

**Annex - 3**

**Cash & Bank**

As on 16th July 2022

| Particulars | F.Y.2021/22 | F.Y.2020/21 |
|---|---|---|
| Cashin hand | - | - |
| Mega Bank Ltd. | 1,110,843.83 | 929,501.43 |
| **Total** | **1,110,843.83** | **929,501.43** |

**Annex - 4**

**Financial Support**

As on 16th July 2022

| Particulars | F.Y.2021/22 | F.Y.2020/21 |
|---|---|---|
| Grant Received | 2,964,976.50 | 2,081,740.50 |
| Restricted Fund Utilized | (181,342.40) | 452,460.80 |
| **Total** | **2,783,634.10** | **2,534,201.30** |

CHIMALAYA CHARITY NEPAL

RAC & Co. Kathmandu Nepal Registered Auditors

# CHIMALAYA CHARITY NEPAL

Madhyapur Municipality, Bhaktapur, Nepal

For the Year. 2021/22

**Annex - 5**

**Program Expenses**

As on 16th July 2022

| Particulars | F.Y.2021/22 | F.Y.2020/21 |
|---|---|---|
| **Health counselling program for mothers** | | |
| Healhy food for mother ans child | 88,361.00 | 57,737.00 |
| Coordination meetings with staff and other | 19,755.00 | 17,740.00 |
| Hygiene or health education. kits | 26,881.00 | 11,000.00 |
| Clinical exam set | 22,000.00 | 14,450.00 |
| Kitchen util/other necessary things | 39,562.00 | 42,261.00 |
| **Health counselling program for mothers - total** | **196,559.00** | **143,188.00** |
| | | |
| **Household visit and distribution of health counselling materials** | | |
| Bag4Life set | - | 436,311.00 |
| Breastfeeding pillows | 148,652.00 | - |
| Necessary food or medicine etc, home visit | 53,765.00 | 41,455.00 |
| Interaction and review meetings | 63,473.00 | 35,850.00 |
| Monthly meetings with Female Community Health Workers | 14,500.00 | 10,757.00 |
| Staff dress etc | 60,002.00 | 42,160.00 |
| Extra various exp. for home visit program | 86,778.00 | 48,364.00 |
| Educat. materials, home visit program | 13,415.00 | 18,830.00 |
| Other Expenses/ Stationery and documentation | 40,875.00 | 23,730.00 |
| **Home visit - total** | **481,460.00** | **657,457.00** |
| **Staff and volunteers** | | |
| Program coordinator | 209,760.00 | 187,680.00 |
| Office Assistant | 187,680.00 | - |
| Staff nurses | 264,960.00 | 242,880.00 |
| Health workers and social mobilizer | 253,920.00 | 375,360.00 |
| Office Helper | 126,960.00 | 104,880.00 |
| Extra One month Salary/Dasain Bonus | 129,500.00 | - |
| Provident fund on the basic of salary scale | 248,640.00 | 216,000.00 |
| **Staff and volunteers - total** | **1,421,420.00** | **1,126,800.00** |

CHIMALAYA CHARITY NEPAL

RAC & Co. Kathmandu Nepal Registered Auditors

# CHIMALAYA CHARITY NEPAL

Madhyapur Municipality, Bhaktapur, Nepal

For the Year. 2021/22

**Annex - 5**

**Program Expenses**

As on 16th July 2022

| Particulars | F.Y.2021/22 | F.Y.2020/21 |
|---|---|---|
| **Instruments and materials** | | |
| Shoe Rack | - | 17,515.00 |
| Toys and other needy things for mother group | 55,153.00 | 11,307.00 |
| Fuel/Recharge | 46,120.00 | 48,000.00 |
| Internt, Electricity, Phone and Communication Cost | 34,809.00 | 24,412.00 |
| Evaluation cost by Social Welfare Council | 50,000.00 | 70,000.00 |
| **Instruments and materials - total** | **186,082.00** | **171,234.00** |
| | | |
| **Program expenses - total** | **2,285,521.00** | **2,098,679.00** |

CHIMALAYA CHARITY NEPAL

RAC & Co. Kathmandu Nepal Registered Auditors

# CHIMALAYA CHARITY NEPAL

Madhyapur Municipality, Bhaktapur, Nepal

**Income Tax & TDS Details**

0

| S.No. | Taxable Head | Taxable Amount | Tax Rate | Tax Amount | Deposited Amount | Deposit Voucher No/Date | |
|---|---|---|---|---|---|---|---|
| 1 | Corporate Tax | - | 20% | - | | | |
| | Late Fine/Peanalty | | | - | | | |
| | Excess Tax Deposited Last Year | | | | - | Transfer of Credit | |
| | This year TDS | | | | - | | |
| | Income Tax Paid | | | | - | | |
| | | | | - | - | | - |
| 2 | Social Security Tax | 1,807,820.00 | 1% | 15,457.89 | 15,651.00 | 37033445 | 2079.04.29 |
| | Remuneration Tax | - | 10% | - | - | | |
| 3 | Audit Fee | 28,250.00 | 1.5% | 375.00 | 375.00 | 37033446 | 2079.04.29 |
| | | | | **15,832.89** | **16,026.00** | | |

CHIMALAYA CHARITY NEPAL

RAC & Co. Kathmandu Nepal Registered Auditors

# चिमालय च्यारिटी नेपाल

## मातृ तथा शिशु स्वास्थ्य सुधार कार्यक्रम

मध्यपुर थिमी न.पा., भक्तपुर, नेपाल, फोन नं. ०१-६६३११२२, ९८६२५७९४९०
Email: chimalayacharitynepal@gmail.com, ashuuforever@gmail.com
URL: www.chimalayacharity.com